सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रकाशित विवरणहरु

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ

स्याङ्जा

२०८३/०४/०७

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रकाशित विवरणहरु

१. निकायको स्वरुप र प्रकृतिः

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको संभागको रुपमा स्याङ्जा जिल्लामा आर्थिक वर्ष २०७३।७४ देखि जिल्लाको पुतलीबजार नगरपालिकाका वडाहरु १,२,३,७,१०,११,१३ र १४, भिरकोट नगरपालिकाका वडाहरु १,२,३,६,७ र ८, वालिङ नगरपालिकाको वडा नं. ४ र अर्जुनचौपारी गाउँपालिकाका वडाहरु १ र २ मा सुन्तला वालीमा व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनमा आई कार्यन्वयन भएकोमा जिल्लाको भौगोलिक सम्भाव्यता तथा जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी एवं सुन्तला उद्यमीहरुको माग र चाहना अनुसार आ.व. २०७५/०७६ देखि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापन इकाई काठमाडौको मिति २०७५।०१।२१ को निर्णयअनुसार सुन्तला जोन वाट स्तरोन्नती भई हाल वृहत व्यावसायीक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपर जोन) विकास कार्यक्रम संचालन भई कार्यन्वयनमा आएको छ । यसका साथै आर्थिक वर्ष २०७६।७७ देखि गल्यांग नगरपालिकाभर मसलाबाली (अदुवा।बेसार) जोन सञ्चालनमा छ भने आर्थिक वर्ष २०७८।७९ देखि चापाकोट र गल्यांगमा आँपलिची जोन तथा वालिंग गल्यांग र भीरकोटमा भैंसी जोन सञ्चालनमा आएको छ। साथै कफी सुपरजोन अन्तरगतका कृयाकलापहरु यसै परियोजना कार्यान्वयन एकाइ मार्फत सञ्चालित छन्। साविकमा सम्बन्धित जोन तथा सुपरजोन नामाकरण हुने गरेकोमा २०७५।७६ देखि परियोजनाको पुनर्संरचना भई परियोजना कार्यान्वयन एकाई नामाकरण भई सो अन्तरगत जोन तथा सुरजोन रहने गरेको छ । परियोजना व्यवस्थापन एकाइको २०८१/०९/१६ गतेको निर्णय बमोजिम गाई/भैंसी जोन हाल वालिङ, गल्याङ्, भिरकोट, चापाकोट न.पा.का सबै वडाहरू, पुतलीबजार न.पा. वडा नं. ३,४,१०,११,१३ र १४, फेदीखोला गा.पा. वडा नं. १,२ र ४ मा सञ्चालनमा आएको छ।

सुपरजोन/जोनको कमाण्ड क्षेत्र

क्र. सं.	जोन सुपरजोन	कमाण्ड क्षेत्र
१	सुन्तला सुपरजोन	स्याङजा जिल्लाभर
२	मसलाबाली जोन	गल्याङ्ग कालीगण्डकी चापाकोट र वालिङ्ग
३	आँप/लिचि जोन	गल्याङ्ग १,२,३,९,११ र चापाकोटका १० वटै वडाहरु
४	भैंसी जोन	वालिङ्गका, भीरकोट, गल्याङ्ग र चापाकोट नगरपालिकाका सबै वडा फेदीखोला गाउँपालिका वडा नं. १,२ र ४ र पुतलीबजार नगरपालिका वडा नं. ३,४,१०,११,१३ र १४
५	कफी	५० रोपनी क्लष्टर भएका स्याङजाका सबै वडाहरु

यस एकाइले सुपरजोन र जोन विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी लक्षित बाली वस्तुको उत्पादनलाई व्यावसायिक बनाउने र सो क्षेत्रमा संलग्न कृषकहरुको आयस्तरमा वृद्धि गरी आत्मनिर्भर बनाउने कार्यमा सहयोग पुर्याउने काम गर्दछ । कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच र समग्र कृषि मूल्य श्रृङखलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मूख दिगो आर्थिक अवसरहरु सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुराउने परियोजनाको लक्ष्य आत्मसात गर्दै विशिष्टिकृत क्षेत्रहरु अन्तर्गत सुन्तला सुपरजोन, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी जोन क्षेत्रमा स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न एकाइ कार्यालयले सेवा प्रदान गरिरहेको छ ।

२. परियोजना कार्यान्वयन एकाइको उद्देश्यः

परियोजना कार्यान्वयन एकाइ परियोजनाको(सुन्तला सुपरजोन) स्याङ्जा जिल्लामा अवस्थित भई, कफी जोन, अदुवा/बेसार जोन, चापाकोट नगरपालिकामा आँप/लिची जोन र वालिङ् नगरपालिकामा गाई/भैंसी जोनको कार्यक्रम सञ्चालन गर्ने हो । मूलतः परियोजनाको उद्देश्यलाई सफल पार्न यस एकाइले काम गरिरहेको सन्दर्भमा परियोजनाको उद्देश्य नै यस परियोजना कार्यान्वयन

एकाइको पनि उद्देश्य हो । प्रमूख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्र निर्माण गर्ने, निर्यात योग्य कृषि वस्तुहरुको मुल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता बढाउने, कृषिलाई सम्मानजनक, नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरुको सिर्जना गर्ने र बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत सेवा प्रवाहको सुनिश्चिता गर्ने परियोजनाका मुख्य उद्देश्यहरुसंग मेल खाने गरी सुन्तला सुपरजोन, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी जोन क्षेत्रमा स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा र आलु र मकै जोनमा अनुसरण अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नु नै एकाइ कार्यालयको मुख्य उद्देश्य रहेको छ ।

३. निकायको काम, कर्तव्य र अधिकारः

परियोजनाको कार्यान्वयन एकाइ भएकोले एकाइले हेर्ने १ वटा सुपरजोन र ४ वटा जोन क्षेत्रमा परियोजनाबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्ने एकाइ कार्यालयको मुख्य काम र कर्तव्य हो । प्रचलित ऐन, नियम, परियोजना कार्यान्वयन म्यानुअल र कार्यक्रम सञ्चालनको लागि एकाइ प्रमुखलाई दिएको अख्तियारी एवं बजेट तथा कार्यक्रमका व्यवस्थाहरु नै निकायको काम कर्तव्य र अधिकारको रुपमा स्वीकार गरिएको छ । चालु आ.व. ०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार एकाइ कार्यालयका एउटा सुपरजोन र ४ वटा जोन क्षेत्र अन्तर्गत सञ्चालन हुने गरी प्रस्ताव गरिएका मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

- नर्सरी श्रोत केन्द्र स्थापना ।
- बीउ श्रोत केन्द्र स्थापना ।
- क्षेत्रफल बिस्तार (सुन्तला, कफी, आपलिची) ।
- साना सिँचाई तथा मर्मत सम्भार (सुन्तला, अदुवा/बेसार, कफी, आँप/लिची) ।
- प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन ।
- प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि सहयोग ।
- बगैंचा सुदृढीकरण अभियान तथा वाली संरक्षण सेवा ।
- साना मेशिनरी तथा औजार/उपकरणमा सहयोग ।
- क्षेत्रगत रोग/किरा नियन्त्रण ।
- आकस्मिक बाली संरक्षण सेवा ।
- IPM पाठशाला (सुन्तला, कफी) ।

- गोठ/खोर निर्माण तथा सुधार कार्यक्रम ।
- उन्नत नश्लका गाई/भैंसी वितरण ।
- दुध प्रशोधन सामाग्री बितरण ।
- कृषि तथा पशुपन्छी विकास उद्यमशिलता कार्यक्रम ।
- पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रमहरु ।
- सिट्रस ग्रिनिङ्ग रोग व्यवस्थापन ।
- कोल्ड रुम सञ्चालन सहयोग ।
- अन्य कार्यक्रमसंग सम्बन्धित स-साना बैठक, तालिम तथा गोष्ठीहरु ।

४. निकायमा रहने कर्मचारी संख्याः

संरचना अनुसार परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा र जोन प्राविधिक एकाइ, चापाकोट र वालिङ् का कार्यालयहरू रहने गरी संरचना स्वीकृत भए बमोजिम, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा र जोन प्राविधिक एकाइ, चापाकोट र वालिङ् का कर्मचारी संख्या र कार्य विवरण यस प्रकार छन्ः

क.सं.	स्वीकृत पद/श्रेणी	स्वीकृत दरबन्दी संख्या	पदपूर्ती	रिक्त दरबन्दी	कैफियत
१	वरिष्ठ कृषि अधिकृत	१	१	०	
२	कृषि अधिकृत	१	१	०	
४	प्राविधिक सहायक	२	१	१	
५	लेखापाल	१	१	०	
६	नायव सुव्वा	१	१	०	
७	पशु विकास अधिकृत (करार)	१	०	०	
८	नायव प्राविधिक सहायक (करार)	४	४	०	
९	हलुका सवारी चालक	१	१	०	
१०	कार्यालय सहयोगी	३	३	०	
	जम्मा	१५	१४	१	

५. निकायबाट प्रदान गरिने सेवाः

- यस एकाइ कार्यालयको मुख्य सेवा सुन्तला, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी कृषकहरुसंग सम्बन्धित रहेको छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसारका कार्यक्रम र सो बाहेकका विषय क्षेत्रसंग सम्बन्धित प्राविधिक सेवाहरु समेत एकाइ कार्यालयबाट प्रदान गरिन्छ ।

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

- वरिष्ठ कृषि अधिकृतले कार्यालय प्रमूखको रुपमा कार्यालयको समग्र कार्यको नेतृत्व गरिरहने ।
- सुन्तला सुपरजोन, स्याङ्जा-
    - प्रविधी बिस्तार शाखाः कृषि अधिकृत १ जना मात्र र प्राविधिक सहायक हाल १ जना, कृषकलाई सेवा प्रदान गरिरहेको ।
    - प्रशासन शाखा - नायब सुब्बा
    - लेखा शाखा - लेखापाल
  - आँप/लिची जोनः नायब प्राविधिक सहायक १ जना
  - गाई/भैंसी जोनः पशु बिकास अधिकृत १ जना, नायब पशु सेवा प्राविधिक २ जना

७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अबधिः

- दस्तुरः- सूचना बमोजिमको कार्यक्रमको लागि प्रस्तावना/आवेदनमा दस्तुर वापतको रु. १० को टिकट बाहेक अन्य दस्तुर नलाग्ने
- प्राविधिक सेवाको लागिः कार्यालयबाट भए तुरुन्तै र फिल्डस्तरमा भए जनशक्तिको उपलब्धता अनुसार कार्यालय प्रमूखले तोकेको न्यूनतम समयमा ।
- अन्य अनुदानका कार्यक्रमको हकमा रित पूर्वकका कागजात सहित आवेदन दिए पश्चात प्राविधिकहरुबाट फिल्ड भेरिफिकेसन गरेर तयार गरेको प्रतिवेदन प्राविधिक समितिमा पेश गरी समितिले छनौट गरे बमोजिम एकाइ कार्यालयले तय गरेको तालिका अनुसार ।
- अनुदान भुक्तानीः कार्यक्रम सम्पन्न भइ सम्वन्धित सुपरजोनबाट सबै कागजात सहित पेश भएपछि पालो अनुसार न्यूनतम समयमा

८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- निर्णय प्रक्रिया :- तोक, आदेश, टिप्पणी र प्राविधिक समितिको निर्णय ।

- निर्णय गर्ने अधिकारी :- शाखाबाट पेश भएकोमा एकाइ प्रमूख र प्राविधिक समितिमा निर्णय भएकोमा सामुहिक निर्णय प्रणाली ।
- सुपरजोर, जोन क्षेत्र र ब्लक विकास कार्यक्रमको क्षेत्र निर्धारणको हकमा जिल्ला परियोजना कार्यान्वयन समन्वय समितिको बैठक र छलफलबाट ।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- शाखाबाट निर्णय भएकोमा — एकाइ प्रमुख।
- प्राविधिक समिति र एकाइ प्रमुखबाट निर्णय भएकोमा — परियोजना निर्देशक वा सम्बन्धित माथिल्लो निकाय।

१०. सम्पादन गरेको कामको विवरणः- (आ.व.२०८१/०८२ को असार मसान्तसम्म)

- आ.व.२०८१/०८२ को असार मसान्तसम्म यस कार्यालयमा सूचिकृत कृषि सहकारी/ समूह/ फर्म/ उद्यमीको विवरण

क्र.सं	सहकारी	समूह	कृषि उद्यमी	प्रविधिक शिक्षालय	जम्मा
१. सुन्तला सुपरजोन	२४	९०	२६८	२	३८५
२. आप/लिची जोन	३	१	११		१५
३. कफी जोन	३	८	२३		३४
४. गाई/भैंसी जोन	१६	९	७२		९७
५. अदुवा/बेसार	३	२	१		६

- आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति (असार मसान्तसम्म)

क.सं.	कार्यक्रम/क्रियाकलापहरु	वार्षिक लक्ष्य परिमाण	एकाइ	सुपरजोन/जोन को नाम	आवेदन परेको संख्या	छनौट	कार्यान्वयनको अवस्था
१	साना सिँचाई मर्मत सम्भार संख्या तथा सिंचित क्षेत्रफल	५०	संख्या	सुन्तला सुपरजोन	१७८	११९	सम्झौता बमोजिम ११५ वटा काम समपन्न, ४ वटा सम्झौता बमोजिम काम नभएकाले भुक्तानी नगरेको
२	साना सिँचाई मर्मत सम्भार संख्या तथा सिंचित क्षेत्रफल	५	संख्या	कफी जोन	५	५	भुक्तानी सम्पन्न
३	साना सिँचाई मर्मत सम्भार संख्या तथा सिंचित क्षेत्रफल	१०	संख्या	आँप/लिची जोन	९	९	सम्झौता बमोजिम ७ वटा काम समपन्न बई भुक्तानी गरेको, २ वटा सम्झौता बमोजिम काम नभएकाले भुक्तानी नगरेको
४	साना सिँचाई मर्मत सम्भार संख्या तथा सिंचित क्षेत्रफल	५	संख्या	अदुवा/बेसार	२	२	सम्झौता बमोजिम १ वटा काम समपन्न बई भुक्तानी गरेको, १ वटा सम्झौता गर्न नआएको

क्र.सं.	कार्यक्रम/क्रियाकलापहरु	वार्षिक लक्ष्य परिमाण	एकाइ	सुपरजोन/जोनको नाम	आवेदन परेको संख्या	छनौट	कार्यान्वयनको अवस्था
५	नर्सरी श्रोत केन्द्र स्थापना	३	संख्या	सुन्तला सुपरजोन	१३	५	भुक्तानी सम्पन्न
६	बीउ श्रोत केन्द्र स्थापना	२	संख्या	सुन्तला सुपरजोन	२	१	भुक्तानी सम्पन्न
७	प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन	४	संख्या	सुन्तला सुपरजोन	२	२	भुक्तानी सम्पन्न
८	फलफूलको क्षेत्रविस्तार	१००	हे	सुन्तला सुपरजोन	३८५	सबै	१५२ वटा भुक्तानी सम्पन्न अन्य ईस्टिमेट र सम्झौता गर्न नआएको
९	फलफूलको क्षेत्रविस्तार	१५.२६	हे	कफी सुपरजोन	३४	१९	भुक्तानी सम्पन्न
१०	फलफूलको क्षेत्रविस्तार	२०	हे	आँप\लिची जोन	२९	२९	भुक्तानी सम्पन्न

क्र.सं.	कार्यक्रम/क्रियाकलापहरु	वार्षिक लक्ष्य परिमाण	एकाइ	सुपरजोन/जोनको नाम	आवेदन परेको संख्या	छनौट	कार्यान्वयनको अवस्था
११	साना मेशिनरी सहयोग	२००	पटक	सुन्तला सुपरजोन	३६२	३६२	भुक्तानी सम्पन्न
१३	प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि सहयोग	१	पटक	सुन्तला सुपरजोन	६०	६०	भुक्तानी सम्पन्न
१२	अदुवा बेसारको ब्रान्डिङ तथा प्याकेजिङ सहयोग	२	पटक	अदुवा बेसार जोन	५	५	भुक्तानी सम्पन्न

क.सं.	कार्यक्रम/क्रियाकलापहरु	वार्षिक लक्ष्य परिमाण	एकाइ	सुपरजोन/जोनको नाम	आवेदन परेको संख्या	छनौट	कार्यान्वयनको अवस्था
१६	बगैंचा सुद्यढिकरण अभियान तथा वाली संरक्षण सेवा	१२००	हे	सुन्तला सुपरजोन	३६२	३६२	भुक्तानी सम्पन्न
१७	बगैंचा सुद्यढिकरण अभियान तथा वाली संरक्षण सेवा	१५०	हे	आँप\लिची जोन	१४	१४	भुक्तानी सम्पन्न
१८	कफिको संकलन, प्राथमिक प्रशोधन,लेभलिङ प्याकेजिङमा सहयोग	२	संख्या	कफि सुपरजोन	२	१	भुक्तानी सम्पन्न
१९	चैते धानको क्षेत्र विस्तार	१००	हे	सुन्तला सुपरजोन	५	५	भुक्तानी सम्पन्न
२०	साना सिँचाई मर्मत सम्भार संख्या तथा सिंचित क्षेत्रफल	१०	संख्या	चैते धान प्रवर्धन कार्यक्रम	६	६	भुक्तानी सम्पन्न

क.सं.	कार्यक्रम/क्रियाकलापहरु	वार्षिक लक्ष्य परिमाण	एकाइ	सुपरजोन/जोनको नाम	आवेदन परेको संख्या	छनौट	कार्यान्वयनको अवस्था
२१	कृषि तथा पशुपन्छी बिकास उद्यमशीलता	१०	संख्या	सुन्तला सुपरजोन	२४	१०	भुक्तानी सम्पन्न
२१	घाँस उत्पादन कार्यक्रम	१०	हे	गाई/भैंसी जोन	९८	-	कार्यक्रम सञ्चालन हुन नसकेको
२२	गोठ सुधार कार्यक्रम	१००	संख्या	गाई/भैंसी जोन	१००	१००	९३ वटा भुक्तानी सम्पन्न, ७ वटा सम्झौता बमोजिम काम नभएकाले भुक्तानी नगरेको
२३	उन्नत गाई भैंसी वितरण	१००	संख्या	गाई/भैंसी जोन	१००	८८	८८ वटा भुक्तानी सम्पन्न, १२ वटा सम्झौता बमोजिम काम नभएकाले भुक्तानी नगरेको
२४	दुग्ध प्रशोधन सामाग्री वितरण	५	पटक	गाई/भैंसी जोन	४७	११	भुक्तानी सम्पन्न
२५	कफी पाठशाला	१	संख्या	कफी	१	१	सञ्चालन बिचमा अबरोध

२६	कृषक आई पि एम	२	संख्या	सुन्तला	२	२	भुक्तानी सम्पन्न

११. सूचना अधिकारी र प्रमुखको नाम र पदः

- सूचना अधिकारी —कृषि अधिकृत श्री प्रतिभा वुढाथोकी क्षेत्री (९८५६०५२९४५)
- कार्यालय प्रमुख — श्री अजय अधिकारी (९८५६०५०००८)

१२. ऐन, नियम, विनियम र निर्देशिकाको सूचीः

- परियोजना कार्यान्वयन म्यानुअल २०७७ पहिलो संशोधन २०८१
- कृषि सम्बन्धी ऐन कानुनहरु
- सुशासन सम्बन्धी ऐन तथा नियमावली

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा

आ.व. ०८१/८२ को वार्षिक प्रगति

	रू लाखमा				प्रतिशत		
	बजेट	खर्च	रोक्का बजेट	अन्तिम बजेट	भारित प्रगति	वित्तीय प्रगति	रोक्का बाहेक वित्तीय प्रगति
चालु	६०१.६८	४१९.६६	६२.४१	५३९.२७	८७.६७	६९.७५	७७.८२
पुजीगत	१७४	१०५.७३		१७४	७४.६०	६०.७६	६०.७६
जम्मा	७७५.६८	५२५.३९	६२.४१	७१३.२७	८४.७३	६७.७३	७३.६६

१४. वेभसाईटको विवरणः

website: piusyangja.pmamp.gov.np

email: pmamp.piu.syangja@gmail.com - परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा

१६. सूचनाहरु प्रकाशन हुने अन्य माध्यमहरुको विवरणः

१. सूचना पाटी

२. वेभसाइट

३. Facebook पेजः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्याङ्जा